# झिमरुक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# भ्यागुते,प्यूठान

# विनियोजन विधेयक २०८०, असार

# झिमरुक गाउँपालिकाको विनियोजन विधेयक २०८०

झिमरुक गाउँपालिका, प्यूठानको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना :** झिमरुक गाउँपालिका, प्यूठानको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम झिमरुक गाउँपालिका, प्यूठानको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयकको नाम "झिमरुक गाउँपालिका, प्यूठानको विनियोजन विधेयक, २०८०" रहेको छ ।
(२) यो विधेयक २०८० साउन १ देखी झिमरुक गाउँपालिका भरी लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५०,०२,२२,१५०.०० (अक्षेरुपी रुपैयाँ पचास करोड दुइ लाख बाइस हजार एक सय पचास मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३ . **विनियोजन :** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त झिमरुक गाउँपालिका, प्यूठानको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्ने छ ।

## अनुसूची १
## (दफा २ संग सम्वन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ८२१०२१५० | २५६००००० | ०.०० | १०७७०२१५० |
| २ | | वडा समिति | १०३४२००० | ४१९९९००० | ०.०० | ५२३४१००० |
| ३ | | विषयगत शाखाहरु | ७०६२९००० | ०.०० | ०.०० | ७०६२९००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | | लगानी (शेयर/ऋण) | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २२२२००००० | १०७००००० | ०.०० | २३२९००००० |
| ७ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ५०००००० | ७०००००० | ०.०० | १२०००००० |
| ८ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ०.०० | ५०००००० | ०.०० | ५०००००० |
| ९ | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २१५०००० | ७५००००० | ०.०० | ९६५०००० |
| १० | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ०.०० | १००००००० | ०.०० | १००००००० |
| | | जम्मा | ३९२४२३१५० | १०७७९९००० | ०.०० | ५००२२२१५० |

झिमरुक गाउँसभाको बैठकबाट मिति २०८०/०३/१० मा पारित यो ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछु ।

.....................................

(पित बहादुर महतरा क्षेत्री)

अध्यक्ष

मितिः- २०८० /०३/१४